का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १२५
❒ १५ असार २०७७, सोमबार
❒ 29 June 2020, Monday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily — राष्ट्रिय दैनिक

| अपडेट: आइतबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | १२७७२ जना | ३०१३ जना | २१५८३९ | ९७३१ | २८ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड १ लाख | ५४ लाख ९८ हजार | ५ लाख २ हजार | ४१ लाख ३७ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# ‘मलाई हटाउन दूतावास सक्रिय’

■“हुन त विरोधीहरुले मार्क्स र भण्डारीको पनि विरोध गर्थे। मेरो पनि गरेका छन्।”

**प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी गरे बापत आफूलाई हटाउन खोजिएको र त्यस्तो सपना नदेख्न चेतावनी दिएका छन्। पार्टीभित्रै अल्पमतमा परेका ओलीले स्थायी कमिटी चलिरहेकै बेला यस्तो अभिव्यक्ति दिएका छन्।**



प्रधानमन्त्री केपी शर्मा ओली जननेता मदन भण्डारीको ६९औं जन्मजयन्तीका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री। तस्वीर : प्रदीपराज वन्त

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ असार।

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी गरेबापत आफूलाई हटाउने खेल शुरु भएको बताएका छन्। मदन भण्डारी फाउण्डेशनले बालुवाटारमा गरेका कार्यक्रममा प्रधानमन्त्री ओलीले यसका लागि दूतावास सक्रिय भएको बताएका छन्।

उनले आफूलाई हटाउन भारतीय मिडियाको निर्देश नै प्रष्ट भएको बताए। पहिले पनि चीनसँग पारबहन सन्धी गर्दा आफू हट्नु परेको अहिले अहिले पनि नेपालकै नेताहरु सक्रिय भएको बताए। “दूतावास सक्रिय छ। काठमाडौंका होटलहरु छलफल र भारतीय मिडियाको निर्देशमा नेपालकै नेताहरु सक्रिय छन्”, प्रधानमन्त्रीको भनाइ थियो।

“नेपालको राष्ट्रियता यति कमजोर छैन। नक्शा छापेका कारण सरकार परिवर्तन हुन्छ भन्ने हिजोको भ्रम अहिले पाल्नु पर्दैन। अहिले म हट्ने हो भने राष्ट्रियताका लागि यसरी बोल्न सक्ने आँट कसैले गर्दैन”, प्रधानमन्त्री ओलीले भने। उनले आजका लागि मात्र होइन, भोलिका लागि पनि आफू भएको बताए।

“जननेता भण्डारीको विचारबाट निर्देशित हाम्रो पार्टी र संसदीय दल यति कुरा नबुझ्ने खालको छैन। हामीले कुनै भूलचुकमा नक्शा छापेका होइनौं। हामी यसबाट पछाडि हट्दैनौं। हाम्रो भूमि फिर्ता लिएर छाड्छौं। विगत २०४ वर्षदेखि हाम्रो रहेको र ५८ वर्ष मिचिएको हाम्रो भूमि फिर्ता लिन गाह्रो छैन। अन्तिममा सत्यको विजय हुनेछ”, प्रधानमन्त्री ओलीले भने।

प्रधानमन्त्री ओलीले अघिल्लो पटक आफू प्रधानमन्त्री हुँदा चीनसँग व्यापार तथा पारवहन सम्झौता गरेर फर्केपछि आफ्नो बहुमत नभएकाले सरकार ढलेको तर अहिले बहुमत रहेको जनाउँदै एउटै मुलुकवेष्टित (भारतवेष्टित) रहेको पारवहनलाई दुवै छिमेकीवेष्टित बनाएर नाकाबन्दीका समयमा पनि नेपालले दृढतापूर्वक सामना गरेको स्मरण गरे। “नेपाल दुई ढुङ्गाबीचको निरीह तरुल होइन। हाम्रो गौरवपूर्ण इतिहास भएको, गतिशील वर्तमान र महान् सम्भावना बोकेको स्वतन्त्र सार्वभौमसत्तासम्पन्न राष्ट्र हो। इतिहासमा यो कुनै राष्ट्रको अधीनस्थ थिएन” प्रधानमन्त्रीले भने, “हामी दुवै छिमेकीबाट चलायमान रुपमा पारवहन सुविधा लिन सक्छौं। हामीले चीनसँग त्यस प्रकारको सम्झौता गरेर नेपाललाई नयाँ उचाइमा लगेका छौं।”

कोरोना भाइरसको अस्थायी संकट परे पनि सुन्दर नेपालले आफ्ना मुर्छित सपना ब्युँझ्याएर जनतामा आत्मविश्वास जगाइसकेकाले आफ्ना बारेमा विरोध र आलोचना गर्दा भनाइ र गराइलाई तुलना गरेर वस्तुगत रुपमा गरिदिन पनि उनले आग्रह गरे।

“हुन त विरोधीहरुले मार्क्स र भण्डारीको पनि विरोध गर्थे। मेरो पनि गरेका छन् तर म शासन गर्न राजनीतिमा लागेको होइन। जनता र देशको सेवा गर्न लागेको हुँ। म मेरा साथीहरुलाई मलाई नजीकैबाट हेरेर ममा कुनै दाग, धब्बा र छिटाहरु भए आलोचना गरिदिन आग्रह गर्छु”, उनले भने।

जबज मार्क्सवादमा आधारित गतिशील र नेपालको एक्काइसौं शताब्दीलाई अत्याधिक प्रभावित पार्न सक्ने विचार भएको जनाउँदै प्रधानमन्त्री ओलीले जननेता भण्डारीले २०४८ बाँकी पृष्ठ २ मा

# विश्वभर १५८ नेपालीको मृत्यु

## ■आइतबार थपिए ४३६ संक्रमित

भारतबाट कैलालीको त्रिनगर भन्सार नाका हुँदै भित्रिएका नेपालीहरूलाई सिमा नाकामा निःशुल्क खाना तथा पानी वितरण कार्यमा खटिएका स्वयंसेवक युवकको सेती प्रादेशिक अस्पतालमा पिसिआर चेकजाँचका लागि स्वाब लिंदै।




**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ असार।

गएको २४ घण्टामा ४३६ जना कोभिड-१९ का संक्रमित थपिएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतबार नियमित पत्रकार सम्मेलन गरी नेपालमा ४३६ जना संक्रमित थपिएको पुष्टि गरेको छ। यो सँगै, संक्रमित संख्या १२ हजार ७७२ पुगेको छ भने मृतक संख्या २८ पुगेको छ। संक्तमित मध्ये तीन हजार १३ जना निको भएर घर फर्किएका छन्।

आइतबार थपिएका संक्रमित ६३ जना बाजुराका छन्। मन्त्रालयले दिएको जानकारी अनुसार, महोत्तरी (५६), गुल्मी (३८) प्यूठान (३५), दाङ (३४), नवलपुर (३१), बाग्लुङ (२९), कैलाली (१७), मोरङ (१७), रौतहट (१७), डोटी (१३), रुपन्देही (१२), धनुषा (१०), कपिलवस्तु (८), उदयपुर (६), तनहुँ (६), कास्की (५), खोटाङ (४), झापा (४), दोलखा (२), पर्वत (२), म्यादी (२) र पाल्पा (२) छन्।

सिन्धुपाल्चोक, ललितपुर, गोरखा, सर्लाही, इलाम, सुनसरी, लमजुङ, रुकुम पश्चिम, सल्यान, रोल्पा, स्याङ्जा, दार्चुला, डडेल्धुरामा एक-एक जना संक्रमित पुष्टि भएको छ।

### क्वारेन्टिनमा मृत्यु

नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) मा क्वारेन्टिनमा रहेका एक जनाको मृत्यु भएको छ। बर्दघाट नगरपालिका-२ दिव्यज्योति क्याम्पसको क्वारेन्टिनमा बसेका ४५ वर्षीय पुरुषको आइतबार बिहान मृत्यु भएको हो। उनी यही असार १२ गते भारतको मुम्बईबाट आएका थिए।

उच्च रक्तचाप र प्यारालाइसिका पीडित ती पुरुषको मध्यरातमा अवस्था जटिल भएपछि परिवारलाई खबर गरी उपचारका लागि प्रादेशिक अस्पताल बुटवल लगिएको र उपचारका क्रममा ती पुरुषको मृत्यु भएको बर्दघाट नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख माधव ज्ञवालीले जानकारी दिए। मृतक पुरुषमा कोरोना भाइरस सङ्क्रमण भए/नभएको बाँकी पृष्ठ २ मा

# महाधिवेशन मन्थन

कोभिड-१९ को महामारीका कारण प्रभावित बनेको महाधिवेशनबारे प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसमा छलफल शुरू भएको छ। बरिष्ठ नेता रामचन्द्र पौडेलले निर्धारित समयमै महाधिवेशन हुनुपर्ने अभिव्यक्ति दिएपछि यो विषय फेरि चर्चामा आएको छ।



**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ असार।

कोभिड महामारीका कारण प्रभावित बनेको महाधिवेशनबारे प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसमा छलफल शुरु भएको छ। बरिष्ठ नेता रामचन्द्र पौडेलले कार्यविधि छोट्याएर भएपनि महाधिवेशन निर्धारित समयमा हुनुपर्ने अभिव्यक्ति दिएसँगै काँग्रेसमा महाधिवेशनबारे छलफल शुरु भएको हो। आइतबार बसेको पदाधिकारी बैठकमा समेत यो विषयमा छलफल भएको छ।


काँग्रेसले गत माघ १३ गतेको केन्द्रीय समिति बैठकबाट पार्टीका मातहत निकायका अधिवेशन र १४औं महाधिवेशन सम्पन्न गर्न कार्यतालिका सार्वजनिक गरेको थियो। सो तालिकाअनुसार गत २०७६ फागुनदेखि २०७६ चैतसम्म पार्टीको प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले नयाँ क्रियाशील सदस्यता वितरण र जिल्ला कार्यसमितिले क्रियाशील सदस्यता नवीकरण गर्ने कार्य सम्पन्न गर्ने अवधि तोकेको थियो। उक्त कार्यतालिकाअनुसार जिल्लामा क्रियाशील सदस्यता फाराम पुऱ्याउने काम भए पनि कोरोनाका कारण वितरण र नवीकरण कार्य भने प्रभावित भएको थियो।

काँग्रेसले १४औं महाधिवेशनका लागि गाउँ/नगर वडा अधिवेशन अगामी २०७७ कात्तिक १६, गाउँ/नगरपालिका अधिवेशन कात्तिक १८, प्रदेशसभा क्षेत्रीय अधिवेशन २०७७ कात्तिक २१ र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन २०७७ कात्तिक २३ गतेका लागि निर्धारण गरेको छ।

एक भन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन २०७७ कात्तिक २५, प्रदेश अधिवेशन २०७७ मङ्सिर २९ र केन्द्रीय महाधिवेशन २०७७ फागुन ७, ८, ९ र १० गते काठमाडौं गर्ने तालिका सार्वजनिक गरिएको थियो।

काँग्रेसको १३औं महाधिवेशन विसं २०७२ फागुन २० देखि २३ गते सम्ममा काठमाडौंमा सम्पन्न भएको थियो। पार्टीको विधानमा सबै तहका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको हुने उल्लेख छ। साथै विधानले असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्ष सम्मको अवधि बढाउन सक्ने व्यवस्थासमेत गरेको छ। सोही व्यवस्थाअनुसार काँग्रेसले गत पुस ११ गते पार्टीको वर्तमान सबै तहका पदाधिकारी तथा सदस्यहरूको पदावधि एक वर्ष थप गर्ने लगायत निर्णय गरेको थियो।

# आइतबारसम्म एघार हजार नेपाली फर्किए




**वैदेशिक रोजगार विशेष**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ असार

कोरोना भाइरस संक्रमणका कारण फर्काउनुपर्ने बाध्यात्मक अवस्थामा रहेका वैदेशिक रोजगारीमा गएका कामदार र अन्यमध्ये हालसम्म करिब एक तिहाई स्वदेश फर्किन सफल भएका छन्। सरकारले गत जेठको तेस्रो सातादेखि कोरोना भाइरसका कारण समस्यामा परेका नेपाली कामदार हरुलाई स्वदेश फर्काउन शुरु गरेको थियो। फर्काउनै पर्ने अवस्थामा रहेका ३५ हजारमध्ये आइतबारसम्म ११ हजार ३ सय ७१ जनालाई स्वदेश फर्काइएको छ।

केही समय अघि बसेको प्रतिनिधिसभाको अन्तर र्राष्ट्रिय सम्बन्ध समितिको बैठकमा परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले ४ लाख ७ हजार नेपाली स्वदेश फर्किन चाहेका भएपनि तत्काल ३५ हजारको हाराहारीमा फर्काउनुपर्ने बाध्यता रहेको जानकारी दिएका थिए।

समस्यामा रहेका नेपालीलाई फर्काउन थालिएपछि सबैभन्दा बढी कुवेतबाट आएका छन्। कुवेतबाट आइतबारसम्म २ हजार २ जना नेपाली स्वदेश फर्किएका छन्। उनीहरु कुवेत सरकारले गत अप्रिलमा सञ्चालन गरेको आममाफी कार्यक्रममा सहभागी हुन्। उक्त प्रक्रियामा सहभागी २ हजार ९ सय ९१ मध्ये अन्य ५ सय ९१ फर्किने प्रतिक्षामा रहेका छन्।

कुवेतले आममाफीमा सहभागी भएकालाई आफ्नै खर्चमा सेल्टरमा राखेको थियो भने फर्काइएका नेपालीको कोरोना परीक्षण पनि निःशुल्क गरिदिएको छ। तर नेपाल फर्किएपछि पिउने पानीदेखि घर पुग्ने आवश्यक पर्ने सबै व्यवस्था कामदार आफैंले गरिरहनु परेको छ।

यस अवधिमा यूएईबाट २ हजार १७ जना, साउदी अरेबियाबाट १ हजार २ सय १८, मलेसियाबाट ९ सय २१, कतारबाट ६ सय ३८, माल्दिभ्सबाट ६ सय ४, जापानबाट ४ सय ९२, बहराइनबाट ४ सय २०, दक्षिण कोरियाबाट २ सय २८, ओमानबाट ३ सय १३ नेपाली फर्किएका छन्।

यस अवधिमा वैदेशिक रोजगारबाहेक अन्य काममा गएकामध्ये सिंगापुरबाट १ सय ४६, बगंलादेशबाट ८ सय १५, अस्ट्रेलियाबाट २ सय ६९, थाइल्याण्डबाट ३ सय २६, अमेरिकाबाट ४ सय ८३ र बेलायतबाट २ सय २९, हङकङबाट ८९, पाकिस्तानबाट ७२, म्यानमारबाट २६, अफगानिस्तानबाट १८ र श्रीलंकाबाट ५ जना गरी ११ हजार ३ सय ३१ नेपाली स्वदेश फर्किएका हुन्।

यसैबीचमा ८७ वटा शव पनि नेपाल ल्याइएको छ। विदेशबाट १ सय २० शव ल्याउन अझै बाँकी छ। हालसम्म विभिन्न मुलुकमा रहेका १ सय २६ शवको गन्तव्यमै अन्तिम संस्कार गरिएको छ। कोरोना भाइरसको संक्रमणपछि विभिन्न मुलुकमा ३ सय ३३ जना नेपाली कामदारहरुको मृत्यु भएको वैदेशिक रोजगार बोर्डले जनाएको छ।

उता गैरआवासीय नेपाली संघका अध्यक्ष कुमार पन्तले संघ र विदेशस्थित नेपाली दूतावासको संयुक्त पहलमा नेपालीहरु फर्काइएको भन्दै फर्किनेहरु भारतबाहेक २० भन्दा बढी मुलुकका रहेको बताएका छन्। अध्यक्ष पन्तले विदेशमा विभिन्न कारण ज्यान गुमाएका तर लकडाउनका कारण नेपाल ल्याउन नपाएका ८७ वटा शव नेपालमा पठाइएको र बाँकी शव ल्याउन सरकारसँग गैरआवासीय नेपाली संघले आग्रह गरेको उल्लेख गरेका छन्।

विश्वभर ३७ देशका नेपाली कोरोना भाइरसबाट प्रभावित भएको भन्दै अध्यक्ष पन्तले पछिल्लो तथ्यांक अनुसार १९ देशमा बस्ने नेपालीहरु कोरोना संक्रमणबाट मुक्त भएको उल्लेख गरेका छन्। उनले विगत १० हप्तादेखि विदेशमा कोरोना भाइरसले नेपाली समुदायमा पारेको प्रभावकाबारेमा नियमित तथ्यांक संकलन गर्दै आएको संघद्वारा गठित स्वास्थ्य समिति लगायत विश्वभर छरिएका नेपाली चिकित्सकहरुप्रति आभारसमेत व्यक्त गरेका छन्।

स्वच्छ जीवन उच्च विचार : लागू औषधको गरौं वहिष्कार।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सलह नियन्त्रणका लागि सरकारको योजना

मध्यान्ह संवाददाता
काठमाडौं, १४ असार



सलह किरा नियन्त्रणका लागि सरकारले प्रदेशलाई विषादी, औजार उपलब्ध गराउने भएको छ । आइतबार कृषि मन्त्रालयमा भएको सरोकारवालको बैठकले सलहले अन्नवालीले क्षति पुऱ्याउने आंकलन सहित नियन्त्रणका काम तत्काल अघि बढाउने निर्णय गरेको हो ।

दमकल, ड्रोनको प्रयोग गरेर बढी झुन्ड देखिएको ठाँउमा सलहलाई नष्ट गर्ने निर्णय बैठकले गरेको हो । विषादी छर्कने कार्य सोमबारबाट नै शुरु हुने मन्त्रालयले जानकारी दिएको छ ।

त्यस्तै किसानहरुलाई थाल ठोक्ने, बाजा बजाउनेलगायत उपाय अवलम्बन गर्न पनि मन्त्रालयले सुझाब दिएको छ । प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रले पनि तत्काल नियन्त्रण गर्न दमकल, ड्रोल लगायतको प्रयोगका लागि तयारी अघि बढाइएको जानकारी दिएको छ। भारत हुँदै शनिबार नेपालको तराइ क्षेत्रमा भित्रिएका सलह आइतबार पहाडी क्षेत्रका विभिन्न जिल्लामा पुगेका छन् ।

पश्चिमतिर सर्दै जाने अनुमान

नेपाल भित्रिएका सलहका बथान सोमबारबाट क्रमशः पश्चिमतिर सर्दै जाने पूर्वानुमान गरिएको छ। हावा जता बहन्छ, सलह किरा पनि त्यतैतिर उडेर जाने भएकाले पश्चिमतर्फ जाने अनुमान गरिएको हो मौसम पूर्वानुमान महाशाखाले आज रातिबाट नै पूर्वतिरबाट हावा पश्चिमतर्फ बहने जनाएको छ ।

शनिबार भारत हुँदै तराई मधेशका जिल्लामा प्रवेश गरेका सलह भित्री मधेश हुँदै आइतबारसम्म पहाडी जिल्लाहरुमा समेत फैलिएका छन् । पहाडी जिल्लाहरु सिन्धुली, पाल्पा, मककवानपुर, गोरखा, खोटाङ लगायतका क्षेत्रमा सलह देखिएको छ। शनिबार बारा, पर्सा र सर्लाहीसँगै प्रदेश पाँचको रुपन्देहीमा पनि देखिएको थियो ।

यसअघि कृषि मन्त्रालयको विज्ञ टोलीले सलह नेपाल प्रवेश नगर्ने प्रतिवेदन सरकारलाई बुझाएको थियो । सलह देखिएपछि प्रदेश नम्बर पाँच सरकारले एक किलो संकलन गर्नेलाई २० रुपैयाँका दरले अनुदान दिने घोषणा गरेको छ । केही स्थानीय तहले पनि अनुदान घोषणा गरेका छन । सलहको सम्भावित जोखिम नियन्त्रणका लागि १ नम्बर प्रदेश सरकारले गृहकार्य सुरु गरेको छ ।

नेपालमा १ महिना रहन सक्ने अनुमान

सलह किरा नेपालमा एक महिनासम्म रहनसक्ने प्रक्षेपण विज्ञहरुले गरेका छन् । वयस्क र बच्चाको समूहमा नेपाल प्रवेश गरेको सहल किरा नेपालमा बढीमा एक महिनासम्म रहन सक्ने प्रक्षेपण विज्ञहरुको छ। वयस्क सलह बढीमा दुई हप्ता र बच्चा सलह १ महिनासम्म बाँच्न सक्ने कृषि विभागका पूर्व महानिर्देशक डा. डिल्लीराम शर्माले बताए ।

८, १० करोडको समूहमा आएर बाली सखाप पार्ने प्रजातिको यो किरा नेपालमा २, ४ लाखको समूहमा मात्रै आएकाले नियन्त्रण गर्न सकिने उनले बताए। अहिले डराउनै पर्ने अवस्था नभएको उल्लेख गर्दै उनले सरकारले विषादी प्रयोग गरेर र किसानहरुले धुँवा लगाउने, ड्रम बजाएर यसलाई नियन्त्रण गर्न सकिने अवस्था रहेको बताए ।

सलह किरालाई विहानको समयमा विषादी प्रयोग गरी नष्ट गर्न सकिने विज्ञहरुको भनाइ छ । साँझ एक ठाउँमा गएर बस्ने र विहान ८, ९ बजेपछि मात्रै बाली खान खेतमा पस्ने भएकाले विहान ५, ६ बजेको समयमा विषादी प्रयोग गरी नियन्त्रणमा लिन सकिने अवस्था रहेको विज्ञहरुले बताएका छन् ।

## कामलाई नतिजामुखी बनाउन निर्देशन



**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले आगामी आव २०७७/७८ को योजना कार्यक्रमलाई नतिजामुखी बनाउन मातहत निकायलाई निर्देशन दिएका छन्। एसएमटी (सिनियर मेनेजमेन्ट टिम) को बैठकलाई आइतबार सम्बोधन गर्दै उनले आगामी आर्थिक वर्षको सुरुआतबाटै मन्त्रालयका काममा आफैं सक्रिय 'प्रोएक्टिभ' भएर लाग्न आग्रह गरे।

उनले राम्रो कार्यसम्पादन नगर्ने कर्मचारीलाई विनम्रतापूर्वक हटाइने पनि चेतावनी दिए । उनले भने, ' अहिल्यै मैले पूर्वसूचना गरेको छु। साउन महिनाबाट हामी काममा ' प्रोएक्टिभ' भएर लाग्छौं । राम्रो काम नगर्ने कर्मचारीलाई हटाइन्छ। त्यो बेला मन्त्रीले बलपूर्वक हटायो नभन्नु होला ।'

आफूले प्रधामन्त्रीसँग, सचिवले आफूसँग कार्यसम्पादन सम्झौता गर्ने अभ्यास स्मरण गराउँदै उनले भने, 'तपाईंहरुले पनि सचिवसँग कार्यसम्पादनको सम्झौता गर्नुपर्छ । उक्त सम्झौताअनुसार काम भए/नभएको हेरेर कसैमाथि पूर्वाग्रह नराखी पुरस्कृत र कार्वाही जे गर्नुपर्ने हो त्यो गरिन्छ ।' हरेक एक वर्षमा कक्षा चढेजस्तै आफूहरुको पनि एउटा कक्षा चढ्ने बेला आएको उल्लेख गर्दै मन्त्री भट्टराईले मन्त्रालयले राम्रो अङ्कका साथ कक्षा उत्तीर्ण हुनैपर्ने बताए ।

चालू वर्षमा सम्पन्न हुन बाँकी काम पनि १५ दिनभित्र गर्न र प्रत्येक हप्ता हरेक महाशाखाहरुको कामको रिर्पोटिङ गरिने व्यवस्था मिलाइने उनले उल्लेख गरे। उनले कोभिड-१९ पछि सबै विमानस्थलहरु सञ्चालन गर्ने गरी प्रोटोकलको पूर्वतयारी गर्न, होटल तथा रेष्टुरेष्ट व्यवसाय सञ्चालनका लागि जारी भएको प्रोटोकलको कार्यान्वयन र अनुगमन गर्न पनि सम्बन्धित महाशाखा/निकाय प्रमुखलाई निर्देशन दिए ।

पर्यटन मन्त्रात्रालय मातहत राष्ट्रिय गौरवका आयोजनाका रुपमा रहेका पाँचवटा आयोजना छन् । भैरहवास्थित निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, बारास्थित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, पशुपति विकास कोष र लुम्बिनी विकास कोष रहेका छन् । कार्यक्रममा पर्यटन मन्त्रालयका सचिव केदारबहादुर अधिकारी, मन्त्रालयका महाशाखा प्रमुख तथा मातहत निकायका प्रमुखहरुको सहभागिता थियो ।

## महासंघको ६ बुँदे सुझाव



**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघले श्रमजीवि पत्रकारहरुलाई बेरोजगार बनाउने काम भइरहेको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ। महासंघका अध्यक्ष गोविन्द आचार्य, उपाध्यक्ष दिलिप थापा मगर, महासचिव रमेश विष्ट, सचिव रामप्रसाद दाहाल र रेम विश्वकर्मासहितको प्रतिनिधि मण्डलले मन्त्रालयका निमित्त सचिव राधिका अर्याललाई भेटी ६ बुँदे सुझावसहित महासंघले तयार पारेको नेपाल सार्वजनिक सेवा प्रसारण विद्येयक मस्यौदा र आम सञ्चार विद्येयक मस्यौदा हस्तान्तरण गरेको छ ।

महासंघले श्रमजीवि पत्रकार हरुलाई बेरोजगार बनाउने काम भइरहेको भन्दै हाल मिडियामा देखिएको समस्याहरुलाई गम्भिर रुपमा लिएर तत्काल सम्बोधन गर्न सरकारलाई आग्रह गरेको छ । महासंघले कोरोनाका कारण केहि सञ्चार गृहमा श्रमजीवि पत्रकारहरुलाई दबाबपूर्ण रुपमा बेतलबी विदामा राखिएको तथा समयमा तलब भुक्तानी नगरेको देखिएको जनाएको छ ।

महासंघले पत्रकार दुर्घटना बीमालाई थप विस्तार गरी स्वास्थ्य बीमा र जीवन बीमाको व्यवस्था गर्नुपर्ने लगायत माग गरेको छ । पत्रकार महासंघले श्रमजीवि पत्रकारहरु कोहिपनि बेरोजगार नबनोस् भन्दै दवाब मुलक आन्दोलन समेत घोषणा गरेको छ ।

## विद्यालयमा क्वारेन्टिन : विद्यार्थीलाई मनोवैज्ञानिक असर !




**काठमाडौं/रासस-** कोरोना भाइरस रोकथामका लागि सामुदायिक विद्यालयलाई लामो समय क्वारेन्टिन बनाइँदा विद्यालय र बालबालिका शान्ति क्षेत्रको अवधारणामा प्रतिकूल असर पर्ने जनाइएको छ ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ नेपालले आज आयोजना गरेको भर्चुअल संवादमा विद्यालय खुल्नुपर्ने समय आउँदा शिक्षक र विद्यार्थीमा मनोविज्ञानमा प्रतिकूल असर पर्ने भएकाले विद्यालयभन्दा अन्य स्थानमा क्वारेन्टिन राख्न सुझाव दिइएको हो ।

हाल करीब २८ हजार सामुदायिक विद्यालयमध्ये चार हजार पाँच सयमा क्वारेन्टिन र ६४ मा आइसोलेशन कक्ष बनाइएको छ । कतिपय विद्यालयमा व्यवस्थापन समिति र प्रधानाध्यापकलाई समेत थाहा नदिई स्थानीय पालिकाले आफूखुशी तथा जबर्जस्ती विद्यालयलाई क्वारेन्टिन बनाइएकामा चिन्ता व्यक्त गरिएको हो ।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) का अध्यक्ष नरेन्द्र डङ्गोल सरकारले विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ को विपरीत विद्यालयमा यस प्रकारको बोझ थप्न नहुने बताए । बालअधिकारकर्मी कृष्ण सुवेदीले विद्यालयको विकल्प खोजेर होटलहरुलाई क्वारेन्टिन बनाइएको भए बस्नेहरुलाई पनि सुविधा पुग्ने उल्लेख गरे ।

विपद्विज्ञ श्याम ज्ञवालीले सुरक्षित विद्यालयको अवधारणाबाट विद्यालयलाई क्वारेन्टिन बनाइनु गलत भएकाले यसबाट चौतर्फी रुपमा असर परेको उल्लेख गरे । महासङ्घका अध्यक्ष कृष्ण थापाले आफूहरुले विद्यालयमा क्वारेन्टिन नराख्न सुरुदेखि आग्रह गरेको र हाल निरन्तर विद्यालयमा क्वारेन्टिन बढ्न थाले पनि थप चिन्ता जाहेर गरिएको जनाए ।

## दुर्घटनामा पत्रकार पाण्डेको निधन



**काठमाडौं/मस-** सवारी दुर्घटनामा परी रुपन्देहीमा पत्रकार कृष्णबाबु पाण्डेको निधन भएको छ । रुपन्देहीको तिलोत्तमा नगरपालिका वडा नं ६ ड्राइभरटोल निवासी ३० वर्षीय कलाकार तथा पत्रकार पाण्डेको आफैंले चलाएको कार दुर्घटनामा निधन भएको ५ नं प्रदेश प्रहरी कार्यालय बुटवलका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक डिल्लीनारायण पाण्डेले जानकारी दिए ।

बा ७ च ६९५९ नम्बरको कार चलाएर बुटवलबाट आफ्नो निवास ड्राइभरटोल तर्फ जाँदै गर्दा शनिबार राति करीब ११ बजे सडक छेउको रेलिङमा ठोक्किँदा गम्भीर घाइते भएका न्युज २४ टिभीमा कार्यरत पत्रकार पाण्डेको बुटवलको चौराहा अस्पतालमा उपचारका क्रममा निधन भएको हो । पाण्डेको टाउकोलगायत शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको र कार पूर्णरुपले क्षतिग्रस्त भएको प्रहरीले जनाएको छ ।

पत्रकार पाण्डेको शव परीक्षणका लागि अहिले लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा राखिएको प्रनाउ पाण्डेले जानकारी दिए। पछिल्लो समय पत्रकारितामा नै व्यस्त पाण्डेले पावरन्युजनेपाल अनलाइन सञ्चालन गर्दै आएका थिए । स्थायी घर स्याङ्जाको बिर्घा रहेका पत्रकार पाण्डेको केही वर्षअघि 'भंगेरी चरीले मैदानमा लरी लरर' नामको तीजगीत चर्चित भएको थियो ।

पाण्डेको निधनमा तिलोत्तमा मिडिया क्लबले दुःख व्यक्त गरेको छ। अध्यक्ष लक्ष्मण पौडेलले शोक विज्ञप्ति जारी गरी क्लबका सदस्य पाण्डेको सवारी दुर्घटनामा घाइते भई उपचारका क्रममा भएको असामयिक निधनले क्लबलाई मर्माहत तुल्याएको जनाएका छन् ।

## क्वारेन्टिनमा बसेका ४५ वर्षीय पुरुषको मृत्यु

रबिन्द्र यादव/मध्यान्ह
नवलपरासी पश्चिम, १४ असार

नवलपरासी पश्चिमको बर्दघाट नगरपालिका २ चिसापानीको क्वारेन्टाइनमा रहेका एक ४५ बर्षीय पुरुषको मृत्यु भएको छ । गए राति करिव २ बजेको समयमा उनको अवस्था गम्भीर भएपछि परिवारलाई खबर गरी उपचारका लागि प्रादेशिक अस्पताल बुटवल लगिएको थियो । उपचारकै क्रममा उनको आइतबार विहान ५ बजेको समयमा मृत्यु भएको बर्दघाट नगगगरपालिका मेयर धिरज शर्मा बस्यालले जानकारी दिए ।

बर्दघाट २, चिसापानीकै ती पुरुष यहि असार १२ गते मात्र भारतको मुम्बईबाट आएर चिसापानी दिब्यज्योती बहुमुखी क्याम्पसको क्वारेन्टाइनमा बसेका थिए । उनी पहिल्यैदेखि ब्लड प्रेसर र मुटुको विरामीसमेत भएको शर्माले बताए । उनमा कोरोना संक्रमण भए , नभएको बारेमा भने पिसिआर परीणणका लागि स्वाव संकलन गर्ने प्रकृयामा रहेको बर्दघाट नगरपालिकाले जनाएको छ। पिसिआर रिपोर्ट आएपछि मात्र उनको मृत्यु कोरोना संक्रमणकै कारण हो वा अन्य कारण हो भन्ने पुष्टी हुनेछ ।


## १८ लाख रुपैयाँसहित तीन पक्राउ



**महोत्तरी/मस-** अवैधरुपमा १८ लाख नेपाली रुपैयाँ बोक्दै हिंडेका तीन जनालाई प्रहरीले महोत्तरीको भोल्ही गाँउबाट पक्राउ गरेको छ। पक्राउ पर्नेमा जलेश्वर नगरपालिका दुईका संजय कुमार साह, जयकुमार साह र वडा नम्बर १ का रोहित कुमार साह रहेका छन् ।

प्रहरीले संजयको साथबाट ३ लाख ५० हजार जय कुमारको साथबाट ५ लाख ५० हजार र रोहितको साथबाट ९ लाख रुपैया बरामद गरेको छ । उनीहरुलाई मनरासिस्वा नगरपालिका दुईको भोल्ही गाँउबाट नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । उनीहरुले बोकेको रकमको श्रोतका बारेमा अनुसन्धान भइरहेको प्रदेश प्रहरी कार्याय जनकपुरका प्रहरी उपरिक्षक जयराज सापकोटाले जानकारी दिए । जलेश्वरबाट सम्सी तर्फ जादै गरेको प्रदेश दुई ०३-४० ९७ र ज ११ प ८१०८ नम्बरको मोटरसाईकललाई भोल्ही सडकमा चेकजाँच गर्दा अवैध नेपाली रुपैयाँसहित तीनै जनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ। पक्राउ परेका तीनैजनालाई अवैध वितिय कारोवार मुद्दामा कारबाही अघि बढाइएको छ ।

## घुस लिएको अभियोगमा मुद्दा




**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाटो भएको जग्गामा नभएको भनी सिफारिश गरी राजस्व छली गरेको अभियोगमा सिद्धार्थनगर नगरपालिका- ६ का वडासचिवसहित चार जनाविरुद्ध विशेष अदालतमा आइतबार मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार २० फुटे कच्ची बाटोसँग जोडिएको जग्गामा बाटो नभएको भनी गलत सिफारिशका आधारमा राजस्व छली गरेको अनुसन्धानबाट खुलेको छ । आयोगले नेपाल सरकारलाई प्राप्त हुने रु दुई लाख ७१ हजार ४२६ बराबरको भ्रष्टाचार गरेको जनाएको छ। आयोगले वडा सचिव शिवनारायण मुखियाविरुद्ध रु दुई लाख ७१ हजार ४२६, जग्गा बिक्रीकर्ता रुपेन्द्र यादव रु एक लाख ५४ हजार १८८, जग्गा खरिदकर्ता सागर थापा र राम क्षेत्रीविरुद्ध रु एक लाख १७ हजार २२८ बराबरको भ्रष्टाचार गरेको अभियोग लगाएको छ ।

उनीहरुलाई बिगोअनुसारको कारवाहीको माग गर्दै आइतबार मुद्दा दायर गरिएको आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाले जानकारी दिए । यस्तै आयोगले आइतबार नै कम्पनी रजिस्टारको कार्यालय त्रिपुरेश्वरका नायब सुब्बा डोरप्रसाद पन्थीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । अभिलेख अद्यावधिक गर्ने प्रयोजनका लागि आउने सेवाग्राहीको काम सहज गरिदिने प्रयोगका लागि नायब सुब्बा पन्थीले रु पाँच हजार घुस मागेको अभियोग लागेको छ ।

### 'मलाइ....

सालमै संसद्मा मिचिएको कालापानीलगायत भूमि नेपालको भएको सुपष्ट विचार व्यक्त गर्नुभएको स्मरण गरे। प्रधानमन्त्री ओलीले विचार, वक्तृत्वकला, शैली र अनेक प्रतिभाका कारण जननेता भण्डारी नेपाली राजनीतिमा एक्काइसौं शताब्दीका नायक भएको उल्लेख गर्दै त्यही विचारका जगमा अहिले आफूहरुले सामाजिक न्यायसहितको 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा अघि सारेको बताए ।

### विश्वभर ...

स्वाब सङ्कलन गरी परीक्षणका लागि पठाइने बताए ।

५८ नेपालीको मृत्यु

कोभिड-१९ को स)क्रमणबाट हालसम्म विश्वभर एक सय ५८ नेपालीको मृत्यु भएको छ भने विदेशमा २६ हजार दुई सय २७ जनामा भाइरस संक्रमण भएको पुष्टि भएको छ । गैरआवासीय नेपाली संघ (एनआरएनए) का अनुसार विदेशमा रहेका १८ हजार ७०० नेपालीली संक्रमण मुक्त भएका छन् भने खाडी मुलुकमा रहेका आठ हजार भन्दा बढी नेपालीमा संक्रमित भेटिएको छ ।

एनआरएनएले सम्बन्धित देशस्थित नेपाली दूतावास र नियोगसँगको समन्वयमा ११ हजारभन्दा बढी नेपालीको उद्धार गरी स्वदेश फर्काएको जनाएको छ । साथै उक्त संस्थाले ८७ वटा शव पनि नेपाल पठाएको बताएको छ। हालसम्म बेलायत, युएई, साउदी अरब, बहराइन, कुवेत, कतार, आयरल्यान्ड, जापान, टर्की, नेदरल्यान्ड र स्विडेनलगायत १३ देशमा रहेका नेपालीको कोभिड-१९ का कारण मृत्यु भएको तथा डेनमार्क, नेदरल्यान्डस्, अष्ट्रेलिया, माल्टा, जापान, म्यानमार, पोल्यान्ड, रुस, न्युजिल्यान्ड, क्यानाडा, फिनल्यान्ड, आयरल्यान्ड, जर्मनी, स्विडेन, फ्रान्स, बेल्जियम, दक्षिण कोरिया, मलेसियालगायत १९ देशमा रहेका नेपाली संक्रमणबाट मुक्त भएका छन् ।

# इन्डोनेसियाबाट फर्किएक रोहित चन्द



**काठमाडौं, मस-** इन्डोनेसियाको लिग-वान फुटबल खेल्ने नेपाली खेलाडी रोहित चन्द स्वदेश फिर्ता भएका छन्। कोरोना भाइरसको महामारीका कारण लिग अनिश्चित समयका लागि स्थगित भएपछि चन्द स्वदेश फर्किएका हुन्। रोहित गत शुक्रबार मलेसिया हुँदै नेपाल फर्किएका हुन् । त्यसअघि उनी इन्डोनेसियाबाट मलेसिया आएका थिए । करिव साँढे २ महिना इन्डोनेसियामा एक्लै बसेका रोहितले लिग अझै कहिले सुरू हुने भन्ने एकिन नभएपछि घर फर्किएको बताए । नेपाल आउनुअघि उनले पिसीआर परीक्षण गराएका थिए, जसमा उनको परीक्षणको नतिजा नेगेटिभ आएको थियो ।

रोहित अहिले घरमै १४ दिनको सेल्फ क्वारेन्टिनमा रहेका छन् । इन्डोनेसियन क्लव पर्सिजा जाकर्ताबाट खेल्ने रोहित फुटबल नहुँदा कठिन भएको बताएका थिए। उनले लामो समयको पर्खाइ पछि स्वदेश फर्किन पाएका हुन ।

कोरोनाका कारण इन्डोनेसियन लिग फेब्रुअरीमा तीन चरणका खेल नसकिँदै स्थगित भएको थियो । जसमा रोहितको टिमले मात्र २ खेल खेलेको थियो। जसमा एकमा जित र एकमा हार बेहोरेको थियो।

लिग आगामी सेप्टेम्बरको अन्त्य वा अक्टोबरको सुरुमा शुरु गर्ने सम्भावना रहेको र त्यो बेलासम्म इन्डोनेसियामा बस्न उचित नलागेर नेपाल फर्किएको रोहितले बताएका छन् । लिगको मिति एकिन भएपछि उनी फेरी इन्डोनेसिया जानेछन्। रोहितलाई स्वदेश फर्काउन उनका दाइ रोविन चन्दले निकै प्रयास गरेका थिए।

# भलिबलको प्रमुख प्रशिक्षकमा सिंह नियुक्त



**काठमाडौं, मस-**भलिबलको प्रमुख प्रशिक्षकमा प्रज्वल बहादुर सिंह नियुक्त भएका छन् । राष्ट्रिय खेलकुद परिषद (राखेप) ले आइतबार सिंहलाई प्रमुख प्रशिक्षकमा नियुक्त गरेको हो। विस २०७७ असार १० गतेको सदस्य सचिव स्तरीय निर्णयानुसार उनलाई प्रमुख प्रशिक्षकमा नियुक्त गरिएको राखेपले जनाएको छ।

काठमाडौं जिल्लामा कार्यरत प्रशिक्षक सिंहलाई समान पद, श्रेणी तथा सेवा कायम रहने गरि प्रमुख प्रशिक्षकमा नियुक्ति गरिएको तालिम तथा प्रशिक्षण विभागका निर्देशक अर्जुन बहादुर विकद्वारा हस्ताक्षरित पत्रमा भनिएको छ।

२०५२ सालमा सहायक प्रशिक्षकमा राष्ट्रिय खेलकुद परिषदमा नियुक्त भएका सिंह २०६४ सालमा प्रशिक्षकमा बढुवा भएका थिए। ब्रम्ह स्पोर्ट्स क्लबबाट भलिबल खेल्ने सिंह आफ्ना समयका निकै राम्रा खेलाडी मानिन्थे।

# स्वास्थ्य सामाग्री हस्तान्तरण




काठमाडौं, मस- राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले आफू मातहतमा कार्यरत विभिन्न निकायका कर्मचारीलाई आइतबार स्वास्थ्य सामाग्री प्रदान गरेको छ।

राखेपमा कार्यरत स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइका कर्मचारी, मालीलगायतलाई स्वास्थ्य सामाग्री प्रदान गरिएको हो । राखेपका सदस्य-सचिव रमेशकुमार सिलवालले सम्बन्धित निकायका प्रतिनिधिलाई सामाग्री हस्तान्तरण गरे ।

प्रदान गरिएका सामाग्रीमा पीपीई, केएन ९५ मास्क, सर्जिकल मास्क, फेस सिल्ड, हेड गार्ड, जुत्ता, सेनिटाइजर, चस्मा र पन्जा रहेका छन् । कोरोना भाइरस (कोभिड- १९) को जोखिमलाई मध्यनजर गरी उच्च सतर्कताका साथ काम गर्न सहज होस् भन्ने उद्देश्यले स्वास्थ्य सामाग्री प्रदान गरिएको राखेपअन्तर्गत खेलकुद चिकित्सा तथा अनुसन्धान केन्द्रका प्रमुख तिलक नेपालीले जनाएका छन् ।

# स्वदेशी उत्पादन किन्न मोदीको आग्रह



**नयाँदिल्ली, एजेन्सी–** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले स्वदेशी उत्पादनलाई प्रोत्साहन नागरिकहरुलाई आग्रह गरेका छन् । यसअघि पनि पटक पटक स्वदेशी उत्पादन प्रयोग गर्न अपिल गर्दै आएका प्रधानमन्त्री मोदीले आइतबार फेरी दोहोऱ्याएर स्वदेशी उत्पादन प्रयोगका लागि आग्रह गरेका हुन् । स्वदेशी तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नेगरी देशभरी 'भोकल फर लोकल' अर्थात् स्थानीयलाई नै महत्व दिऔं भन्ने अभियान चलाइएको पनि उनले बताए ।

स्थानीय तथा स्वदेशी उत्पादनलाई प्रयोग गर्ने प्रवृत्ति बढाउनासाथ राष्ट्रलाई बलियो बनाउन सजिलो हुने प्रधानमन्त्री मोदीको भनाइ छ ।

मासिक नियमित कार्यक्रम 'मन की बात'को ६६ श्रृङ्खलामा बोल्ने क्रममा उनले भने, 'यदि तपाईले स्थानीय उत्पादनलाई जोड दिनुभयो भने देश बलियो हुनेछ ।' भारतीय नागरिकहरु स्थानीयको आवाज बन्नु पर्नेमा प्रधानमन्त्री मोदीले जोड दिए । 'स्वदेशी तथा स्थानीय उत्पादन किन्ने र प्रयोग गर्नेहरुले देश बलियो बनाउन योगदान गरिरहेका हुन्छन्,' उनको भनाइ थियो ।

स्वदेशी उत्पादनलाई प्रयोग र प्रोत्साहन गर्नु आफैमा राष्ट्र सेवा भएको प्रधानमन्त्री मोदीको व्याख्या छ। उनले जुनसुकै पेशा, व्यवसाय र भूमिकामा भएपनि देशलाई सेवा गर्न र स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न सकिने बताए । उनले भारतलाई हरेक उत्पादनमा आत्मनिर्भर स्वावलम्वी बनाउने उद्देश्य सरकारले लिएको जानकारी पनि दिए ।

उनले त्यसका लागि आत्मनिर्भर भारत अभियान चलाइएको जानकारी दिँदै त्यसका लागि सवै जनताले साथ दिनुपर्ने बताए । प्रधानमन्त्री मोदीले रक्षा र प्रविधिको क्षेत्रमा भारतले चाँडै नै ठूलो फड्को मार्ने विश्वास पनि व्यक्त गरेका थिए ।

# दक्षिण कोरियार्ला जी ७ को सदस्यता दिन हुँदैन : जापान



**टोकियो, एजेन्सी–** जापानले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण कोरियालाई विश्वका सात धनी राष्ट्रहरुको समूह (जी७) को सदस्यता दिने प्रस्ताव अस्वीकार गरेको छ ।

राष्ट्रपति ट्रम्पले यस वर्षको जी७ को वार्षिक बैठकमा रसिया, दक्षिण कोरिया, अस्ट्रेलिया र भारतलाई पनि निमन्त्रणा गरेका छन् । उनले जी७ को वर्तमान संरचना पुरानो भइसकेको र यसले विश्वका जल्दाबल्दा समस्यालाई समाधान गर्नेतर्फ असफल हुन लागेको तर्क गर्दै जी७ को सदस्यता विस्तार गर्न चाहेको बताएका थिए। राष्ट्रपति ट्रम्पको उक्त भनाई सार्वजनिक भएलगत्तै जापानको उच्च कुटनीतिक तहबाट जापानको धारणा दर्ता गरिएको जापानी समाचार संस्था क्योदोले जनाएको छ ।

जापानसँगै दक्षिण कोरिया र भारतलाई जी७ को सदस्यता दिँदा एसियाली मुलुकहरुबाट एकमात्र सदस्य रहेको जापानको शाख गुम्ने जापानी धारणा छ। जी७ मा हाल जापान सहित क्यानाडा, फ्रान्स, जर्मनी, इटाली र संयुक्तराज्य अमेरिका तथा युरोपेली युनियन सदस्य छन् ।

जी७ को वार्षिक सम्मेलन यसअघि जुनमा गर्नेगरी निर्णय भए पनि कोरोनाभाइरसका कारण उक्त सम्मेलन आगामी सेप्टेम्बरमा गर्ने तय भएको छ ।

# स्व. सिंहको शोकमा खेलकूदका कार्यालय बन्द



**काठमाडौं, मस-** राष्ट्रिय खेलकुद परिषद् (राखेप) का पूर्व सदस्य-सचिव स्व. राजबहादुर सिंहको निधनको शोकमा राखेपअन्तर्गत सम्पूर्ण कार्यालय सोमबार बन्द गरिने भएको छ। स्व. सिंहको शोक सभामा राखेपअन्तर्गत केन्द्रीय, सातदोबाटोस्थित अन्तर ाष्ट्रिय खेलकुद परिसर, क्षेत्रीय खेलकुद विकास समिति, जिल्ला खेलकुद विकास समिति सोमबार बन्द गर्ने जानकारी गराइएको हो।

सो अवसरमा राखेपका सदस्य-सचिव रमेशकुमार सिलवालले स्व. सिंह प्रशासक र खेलाडीका रुपमा एक कुशल व्यक्ति भएको स्मरण गर्दै दिवंगत आत्माको चिर शान्तिको कामनासहित शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गरे ।

त्रिपुरेश्वरस्थित राखेप हातामा आयोजित शोक सभामा सदस्य-सचिव सिलवालसहित वरिष्ठ अधिकृत कमल खनाल, प्रशासन विभागका प्रमुख कुलबहादुर थापा, खेलकुद प्रतियोगिता तथा योजना विभागका प्रमुख मधुसुदन बस्नेत, नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठ, कर्मचारीलगायतले स्व. सिंहको तस्वीरमा पुष्पगुच्छा चढाईं भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका थिए ।

सिंहको गत शुक्रबार राती छाउनीस्थित निवासमा निधन भएको थियो । राखेपका सातौं सदस्य-सचिव रुपमा सिंहले २०४८ देखि २०५० सालसम्म जिम्मेवारी सम्हालेका थिए ।

# पोल्याण्डमा राष्ट्रपति चयनका लागि मतदान




**पोल्याण्ड, एजेन्सी–** विश्वभरी फैलिएको कोरोनाभाइरसबाट सिर्जित महामारीबीच पनि पोल्याण्डमा आइतबार मतदान भएको छ ।

नयाँ राष्ट्रपति चयनका लागि पोल्याण्डबासीले मतदान गरेका हुन्। यो निर्वाचन गत मे मै हुनुपर्ने भए पनि कोरोनाभाइरसको महामारीका कारण जुन २८ का लागि सरेको हो । निर्वाचनका लागि वर्तमान राष्ट्रपति अन्ड्राज डुडासँगै अरु दश जना चुनावी प्रतिस्पर्धामा रहेका छन् । अठचालीस वर्षीय डुडालाई सत्तारुढ रुढीवादी पार्टी कानुन र न्याय पार्टीको समर्थन रहेको छ । उनी दोस्रो पाँच बर्षे कार्यकालका लागि राष्ट्रपति बन्न प्रतिस्पर्धामा छन् । पोल्याण्डको राजनीतिमा सो पार्टीले कुन हैशियत पाउनेछ भन्नेबारे पनि डुडाको नतिजाले तय गर्नेछ । पछिल्ला विभिन्न सर्वेक्षणहरुले मतदानको पहिलो चरणबाट नै कुनै उम्मेदवारले ५० प्रतिशत बढी मत ल्याउन नसक्ने देखाएको छ । त्यसैले दोस्रो चरणको मतदान गर्नुपर्ने सम्भावना देखिएको छ। कुनै उम्मेदवारले ५० प्रतिशत मत नल्याएमा यही जुलाई १२ तारिखका दिन अर्को चरणको मतदान गराउनेगरी मिति तय भएको छ। आइतबार भएको पहिलो चरणको मतदानको नतिजा बुधबार सार्वजनिक हुनसक्ने अधिकारीहरुले जनाएका छन् ।


युरोपेली संघको सदस्य समेत रहेको यो देशमा अन्य युरोपेली देशहरुले जस्तो कोरोनाभाइरसको महामारी भोग्नु परेको छैन। त्यसैले धेरै मतदाताले मतदान गर्ने अपेक्षा गरिएको छ । मतदानका लागि कोरोनाबाट बच्न अपनाइने आधार भूत सुरक्षा सतर्कता भने अपनाउन मतदातालाई सचेत गरिएको छ ।

तीन करोड असी लाख जनसंख्या रहेको पोल्याण्डमा अहिलेसम्म ३४ हजार जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् भने एक हजार ४०० जनाको मृत्यु भएको छ ।

# क्यालिफोर्नियामा गोली लागेर २ जनाको मृत्यु

**क्यालिफोर्निया, एपी–** संयुक्तराज्य अमेरिकाको क्यालिफोर्नियास्थित वाल्मार्टमा गोली चल्दा दुई जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् । कारमा आएका एक व्यक्तिले वाल्मार्टमा अन्धाधुन्ध गोली चलाएका थिए । प्रहरीका अनुसार ती व्यक्तिको गोलीबाट वाल्मार्टका कामदार र अर्का एक व्यक्तिको घटनास्थलमै मृत्यु भएको थियो । अर्ध-स्वचालित बन्दुकबाट जथाभावी गोली चलाएका उनलाई प्रहरीले तत्कालै प्रतिकार गरेको र उनी प्रहरीको गोलीबाट मारिएको टेहामा काउन्टीका प्रहरी अधिकृत फिल जोन्स्टनले बताए । प्रहरीले आक्रमणकारीको पहिचान खुलाएको छैन, तर प्रहरी अधिकृत जोन्स्टनले ती व्यक्ति रेड ब्लफ क्षेत्रकै बासिन्दा रहेको बताए

# लिभरपुललाई गार्ड अफ अनर दिइने




**काठमाडौं, एजेन्सी-** म्यानचेस्टर सिटीले घरेलु मैदानमा प्रिमियर लिग च्याम्पियन टिम लिभरपुललाई 'गार्ड अफ अनर' दिने भएको छ। सिटीका मुख्य प्रशिक्षक पेप ग्वार्डिओलाले आगामी साता घरेलु मैदानमा लिभरपुललाई 'गार्ड अफ अनर' दिने बताएका छन् ।

लिगको दोस्रो स्थानमा रहेको सिटीले इतिहाद स्टेडियममा जुलाई ३ मा लिभरपुलसँग खेल्नेछ ।

उक्त खेलअघि सिटीले नयाँ लिग च्याम्पियनलाई 'गार्ड अफ अनर' दिने निश्चित भएको ग्वार्डिओलाले बताएका छन् ।

'हामी गार्ड अफ अनर दिने छौं । पक्कै पनि । लिभरपुल यसका लागि हकदार छ। हामीले सधै प्राप्त गर्दै आएका छौं। जब उनीहरु हाम्रो मैदान आउने छन् । अविश्वसनीय हुनेछ उनीहरु गुनासो गर्दैनन्,' ग्वार्डिओलाले भने ।

लिग अन्तर्गत बिहिबार राति सिटी चेल्सीसँग २-१ ले पराजित भएपछि लिभरपुलले लिगको उपाधि जितेको थियो। लिभरपुलले ३० वर्ष पछि पहिलो पटक लिगको जितेको हो । यस अघि लिभरपुलले सन् १९८९-९० को सिजन प्रिमियर लिगको उपाधि जितेको थियो ।

# करातेका पूर्व च्याम्पियन विरमानको निधन



**काभ्रे, मस-**उसु तथा क्योकुशिन फुल कन्ट्याक्ट करातेका पूर्व च्याम्पियन विरमान लामा (वाइबा) को निधन भएको छ । क्योकुशिन फुल कन्ट्याक्ट करातेमा १० पटकको राष्ट्रिय च्याम्पियन लामाको शनिबार राति निधन भएको हो। त्रिभुवन आर्मी क्लबबाट खेल्दै आएका लामाको काभ्रे बेथानचोक गाउँपालिकामा रहेको आफ्नै घरमा निधन भएको हो ।

आइतबार बिहान अबेरसम्म नउठेपछि परिवारका सदस्यले उठाउन खोज्दा लामा मृत फेला परेका थिए । लामा फुल कन्ट्याक्ट कराते महासंघको राष्ट्रिय प्रतियोगिताका ३ पटकको राष्ट्रिय च्याम्पियन समेत हुन् । लामाले उसुबाट अन्तर्राष्ट्रिय प्रतियोगितामा समेत सहभागिता जनाएका थिए। २६ वर्षीय लामा उसुबाट १८ औं संस्करणको एसियन गेम्स खेल्न इन्डोनेसिया पुगेपनि खेल्न पाएका थिएनन् ।

राखेप च्याम्पियनसिपमा स्वर्ण पदक जितेपछि एसियाली खेलकुदका लागि छनोट भएका थिए। तर, उसु संघको विवादका कारण उनले खेल्न पाएनन्। इन्डोनेसियाबाट फर्केपछि लामाले उसु खेल छाडेका थिए । यस्तै लामा मुवा थाई खेलमा समेत सक्रिय थिए ।

# तालिबानको आक्रमणमा छ सैनिकको मृत्यु

**काबुल, एएनआई–** अफगानिस्तानको उत्तरी कुन्दुज प्रान्तमा शनिबार राति तालिबान समूहले गरेको आक्रमणमा कम्तीमा छ जना अफगान सुरक्षाकर्मीको मृत्यु भएको छ ।

टोलो न्यूजका अनुसार तालिबानी लडाकूले इमाम साहिब जिल्लामा सुरक्षाकर्मीको जाँच चौकीमा आक्रमण गरेका थिए । सुरक्षा स्रोतका अनुसार जाँच चौकीमा सुरक्षाकर्मीको संख्या बढाएसँगै तालिबान विद्रोहीहरु फरार भएका थिए । सुरक्षा स्रोतका अनुसार सरकारी फौजको प्रत्याक्रमणमा चार जना तालिबान लडाकू मारिएका छन् भने केही घाइते भएका छन् । तर यस विषयमा तालिबान समूहले कुनै प्रतिक्रिया जनाएको छैन ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/१२/०२ गते दिउसो १२:०० देखी २:०० बजेको समयमा ललितपुर, बखुण्डोलस्थित प्याराडाइज इन्टरनेशनल प्रा.लि.को कम्पाउडमा पार्किङ गरि राखेको प्रदेश नं.३–०२–०१४ प ०४२१ कालो/रातो कलरको बजाज कम्पनीको २२० सि.सि. पल्सर मोटरसाईकल हराएकोले फेलापार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा खबर गरिदिनुहोला ।

**सवारी धनी : प्याराडाइज इन्टरनेशनल प्रा.लि.**
**ठेगाना : बखुण्डोल, ललितपुर**
**च्यासिस नं:** MD2A13EY2KCF90234
**इन्जीन नं :** DKYCKF87485
**सम्पर्क : ९८०८३८५६१६**

**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/११/२७ गते विहान १०:०० बजेको समयमा कोटेश्वरको अमुल आयुर्वेर्दिक औषधालयको कम्पाउडमा पार्किङ गरि राखेको प्रदेश नं.३–०२–००६ प ७१६९ को यामाहा कम्पनीको १४९ सि.सि. को FZS FIV3 मोटरसाईकल हराएकोले फेलापार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा खबर गरिदिनु होला ।

**सवारी धनी : विक्रान्त बचत तथा ऋण सहकारी लि.**
**ठेगाना : कालिमाटी, काठमाडौ**
**च्यासिस नं:** ME1RG44BK0026187
**इन्जीन नं :** G3J3E0454305
**सम्पर्क : ९८५१०५२२३५**

**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/११/१६ गते दिउसो १२:०० देखी २:०० बजेको समयमा काठमान्डौ जिल्ला अदालतको पार्किङमा पार्क गरिराखेको प्रदेश नं.३–२–११ प ४३७७ कालो/रातो कलरमा बजाज कम्पनीको २२० सि.सि. पल्सर मोटरसाईकल हराएकोले फेलापार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा खबर गरिदिनुहोला ।

**सवारी धनी : इन्दी कुमार तामाङ**
**ठेगाना : चन्द्रागिरी-८, काठमाडौ**
**च्यासिस नं:** MD2A13EY4KCE86652
**इन्जीन नं :** DKYCKE73089
**सम्पर्क : ९८६१०८७१९१**

**श्री जनप्रेमी माध्यमिक विद्यालय, अरुणडाँडा**
**दुधौली नगरपालिका-१३, सिन्धुली**

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०३/१५

यस विद्यालयलाई ICT Lab निर्माण गर्नको लागि तपशिल बमोजिमको सामाग्रीहरु खरिद गर्नलाई इच्छुक फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०७७/०३/२९ गते दिउसो १२ बजे भित्र) आफ्नो फर्म दर्ता र कर चुक्तासहितको प्रमाण पत्र साथ शिलबन्दी कोटेशन पेश गर्नु हुन तथा विस्तृत स्पेसिफिकेसनको लागि विद्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**सामानको विवरण:**

| S.N. | Particulars | Quantity |
|---|---|---|
| 1. | Desktop Computer | 8 Pcs |
| 2. | Laptop | 1 Pc |
| 3. | Projector | 1 Pc |
| 4. | Smart Board | 1 Pc |
| 5. | Printer (B/W) | 1 Pc |
| 6. | Multimedia Speaker | 2 Pcs |

**थप जानकारीको लागि:** श्री जनप्रेमी माध्यमिक विद्यालय, अरुणडाँडा, दुधौली नपा-१३, सिन्धुली, सम्पर्क नं ९६१४४७४२१०, ९८४४०६००३०

**श्री माध्यमिक विद्यालय, मनवा चौतारा**
**दुधौली नगरपालिका-१३, सिन्धुली**

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०३/१५

यस विद्यालयलाई ICT Lab निर्माण गर्नको लागि तपशिल बमोजिमको सामाग्रीहरु खरिद गर्नलाई इच्छुक फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०७७/०३/२९ गते दिउसो १२ बजे भित्र) आफ्नो फर्म दर्ता र कर चुक्तासहितको प्रमाण पत्र साथ शिलबन्दी कोटेशन पेश गर्नु हुन तथा विस्तृत स्पेसिफिकेसनको लागि विद्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**सामानको विवरण:**

| S.N. | Particulars | Quantity |
|---|---|---|
| 1. | Desktop Computer | 8 Pcs |
| 2. | Laptop | 1 Pc |
| 3. | Projector | 1 Pc |
| 4. | Smart Board | 1 Pc |
| 5. | Printer (B/W) | 1 Pc |
| 6. | Multimedia Speaker | 2 Pcs |

**थप जानकारीको लागि:** श्री माध्यमिक विद्यालय, मनवा चौतारा, दुधौली नपा-१३, सिन्धुली, सम्पर्क नं ९८१७८३६०१८

## धितोपत्र बोर्डको निर्देशन

# शेयर कारोबार खुला स्त्रिकनरूम संचालनमा नआउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ असार

नेपाल धितोपत्र बोर्डले असार १५ गते सोमबारबाट अर्थात आईतबारैबाट शेयर कारोबार सुरु हुने जनाएको छ । बोर्डले धितोपत्र बजारमा सुधारको प्रयासहरुलाई जारि राख्दै विभिन्न ब्यबस्था गरी कारोबार संचालन गर्ने जनाएको हो । जस अनुसार बोर्डले बजार संचालनको विभिन्न ६ बुँदे निर्देशन जारि गरेको छ । निर्देशन अनुसार अर्को व्यवस्था नहुन्जेल स्टक ब्रोकरहरूले लगानीकर्ताहरूका लागि स्क्रिन रुम सञ्चालन गर्न पाउने छैनन् । त्यस्तै लगानीकर्ताहरुले हालसम्म गरिएका व्यवस्था बमोजिम घरैबाट कारोवार गर्न सक्ने व्यवस्था गरिएकोले ब्रोकरहरुसंग सम्पर्क गरि सकेसम्म घरैमा बसी कारोवार गर्न बोर्डले प्रोत्साहन गरेको छ । त्यस्तै लगानीकर्ताहरूले सेयर खाताको सेयर ट्रान्सफर र रकम ट्रान्सफर




गर्दा विद्युतीय माध्यमको प्रयोग गर्न पनि बोर्डले प्रोत्साहान गरेको छ । बजारमा संलग्न हुने लगानीकर्ता, ब्रोकर, नेप्से, सिडिएससि, मर्चेन्ट बैंकरले यस अघि जारी भएको कोभिड १९ सुरक्षाका उपायहरू पालना गरी कारोबार गर्नु पर्ने बोर्डले जनाएको छ। ति स्वास्थ्य सुरक्षा विधिहरू नअपनाई कार्यालय खोलेको पाइएमा ति संस्थालाई बोर्डले कारवाही हुने बोर्डले जनाएको छ । दोस्रो बजार कारोवारमा स्थायित्व ल्याउने गरी कारोबार समय, सर्किट ब्रेक र मूल्य सीमा सम्बन्धी उपयुक्त व्यवस्था गरी नेप्सेले बजार सुचारु गर्ने व्यवस्था भने नेप्सेले मिलाउने भएको छ । त्यस्तै बोर्डले लगानीकर्ताले ब्रोकर अफिसमा राखेको २५ प्रतिशत मार्जिन रकम ब्रोकरको स्वामित्वमा रहुन्जेल त्यसको लागत वापतको रकम लगानीकर्तालाई सम्झौता बमोजिम तिर्नुपर्ने कानुनी व्यवस्था थप गरि लगानीकर्तालाई सहज हुने व्यवस्था गरिएको जनाएको छ । पछिल्लो ३ महिनादेखि बन्द भएर रेकर्ड राखेको नेपालको शेयरमार्केट लगानीकर्ताले यसअघि संचालनमा ल्याउनुपर्ने भन्दै दवाब दिँदै आएका थिए । तर बोर्डले यसको अध्ययनका लागि भन्दै छुट्टै कमिटि नै गठन गरेको थियो । पछिल्लो समय लगानीकर्ताहरुले लामो समयसम्म धितोपत्र बजार बन्द भएको भन्दै चिन्ता व्यक्त गरेका थिए । जसको रायका आधारमा केहिदिन अघि संघीय संसदको अर्थ समितिले समेत धितोपत्र बोर्डसँग धितोपत्र बजारको बारेमा बुझेको थियो । यस्तै केही दिनअघि मात्रै लगानीकर्ताका विभिन्न ५ ओटा संस्थाका अध्यक्षले अब कुनैपनि हालतमा बजार बन्द नगर्ने प्रतिवद्धता समेत जनाएका थिए । धितोपत्र बोर्डले बजार संचालनमा ल्याएपनि कसरी, सर्किट ब्रेकलगायत के के हुने भन्ने निर्णयको जिम्मा भने नेपाल स्टक एक्स्चेन्ज (नेप्से)लाई दिएको छ ।

# दीगो विकास मूलप्रवाहीकरण सम्बन्धी परीक्षण सूची पारित

**काठमाडौं/मस**- राष्ट्रियसभाको दिगो विकास तथा सुशासन समितिको बैठकले विधेयकलाई दिगो विकासको आयामबाट मूलप्रवाहीकरण गर्ने सन्दर्भमा विकास गरिएको परीक्षण सूचीसम्बन्धी मस्यौदा सर्वसम्मतिले पारित गरेको छ । समितिको आईतबार सिंहदरबारमा भएको बैठकले परीक्षणसूचीमा समेटिनुपर्ने विषयमा समिति सदस्य सांसदको रायसुझाव लिएर मस्यौदालाई अन्तिम रुप दिएको हो ।



समितिका सभापति तारादेवी भट्टले परीक्षण सूचीलाई सर्वसम्मतिले पारित गरेको घोषणा गर्दै अन्तिम मस्यौदा छिट्टै प्रकाशन गरिने बताईन । बैठकले परीक्षण सूचीको खाका र थप छुटपुट विषयका सन्दर्भमा समिति सचिवालयले सांसद विमला पौड्यालसँग समेत समन्वय गरी अन्तिम रुप दिने निर्णय गरेको समितिले विज्ञप्तिमार्फत जनाएको छ ।

सुशासन प्रवर्द्धन र सन्तुलित विकास समिति कार्यशर्त भएका सन्दर्भमा समाजमा शान्ति, सदाचार प्रबर्धन र समन्यायिक विकासका लागि समितिले नियामक निकायसँग छलफल गर्ने निर्णय पनि गरेको छ । कोभिड-१९ महामारीको समयमा समाजमा बढ्दै गएको जोखिम, बलात्कारलगायत शान्ति प्रतिकूल कार्य भएका सन्दर्भमा गृहमन्त्री, गृहसचिव र सुरक्षा निकाय प्रमुखलाई बैठकमा आमन्त्रण गरी अनुकूल र उपयुक्त समयमा छलफल गर्ने निर्णय गरिएको समितिका सचिव निर्मलादेवी लामिछानेले बताईन ।

उनले दिगो विकास र सुशासनलाई मूलप्रवाहीकरणका लागि सांसदको भूमिका कस्तो हुने भन्नेबारे परीक्षण सूचीको मस्यौदा तयार भएको र सांसदको सुझावलाई समावेश गरी एक साताभित्र प्रतिवेदन प्रकाशन गरिने जानकारी दिईन ।

दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) का लागि निर्धारण गरिएका १७ लक्ष्यलाई समेट्ने गरी दिगो विकासमा मूलप्रवाहीकरणका विषयलाई परीक्षण सूचीमा समावेश गरिएको छ ।

यसअघि बैठकमा सांसद दीनानाथ शर्माले समितिका पूर्वनिर्धारित कार्यक्रम कोभिड-१९ महामारीका कारण प्रभावित भएको भन्दै सामाजिक दूरी कायम गरी बैठक बसेर बाँकी जिम्मेवारीलाई आगामी दिनमा पुरा गरिनुपर्ने बताउनुभयो । सांसदद्वय खिमकुमार विश्वकर्मा, चक्रप्रसाद स्नेहीलगायतले समितिको क्षेत्राधिकारमा पर्ने राष्ट्रिय प्रकृति संरक्षण, सुशासन प्रवर्द्धन तथा शनिबारदेखि नेपालका केही जिल्लामा प्रवेश गरेको सलह कीराको प्रकोप नियन्त्रणमा सरकारको तयारीलगायत विषयमा सरोकार भएकासँग छलफल गर्न माग गर्नुभयो । साथै उनीहरूले कोभिड महामारीका कारण भएका आत्महत्यालगायत घटनाका सम्बन्धमा गृह मन्त्रालय र मातहत सुरक्षा निकायका प्रमुखसँग छलफल गरी जानकारी लिन पनि समिति सभापतिलाई आग्रह गरे ।

# सफा नोटमा अब हरियो स्लिप लगाउन केन्द्रीय बैंकको निर्देशन




**काठमाडौं/मस**-नेपाल राष्ट्र बैंकले सफा नोटको प्रयोगलाई बढवा दिन नोटको प्याकेटमा हरियो, सेतो र रातो स्लिप लगाउने भएको छ । बैंकले एटीएममा राख्न मिल्ने नोटको प्याकेटमा हरियो स्लिप र काउण्टरबाट भुक्तान गरी चलनचल्तीमा पठाउन मिल्ने नोटको प्याकेटमा सेतो र चलनचल्तीमा पठाउन अयोग्य नोटको प्याकेटमा रातो रंगको स्लिप लगाउने नयाँ व्यवस्था राष्ट्र बैंकले गरेको हो । अहिले सबै प्रकारका नोटमा सेतो स्लिप लगाइने प्रचलन गरेको छ । राष्ट्र बैंकले बजारमा नोट पठाउँदा नोटको प्याकेटमा स्टिच गर्नु हुँदैन। यसको अलवा नोटलाई बलियो गरि प्याकेटिङ गर्न आवश्यकता अनुसार रबर, प्लाष्टिक, पेपर बैण्ड प्रयोग गर्न सकिने विकल्प राष्ट्र बैंकले दिएको छ । साथै, नोटमा लेख्न, केरमेर गर्न नपाउने व्यवस्था गर्दै नोटको हिफाजत गर्न राष्ट्र बैंकले निर्देशन दिएको हो । राष्ट्र बैंक झुत्रिएको, मक्किएको, जलेको, गलेको, लुलो भएको, किराले खाएको, पानीले भिजेको , छपाइ बिग्रेको नोटलाई बजारमा चलनचल्तीका लागि नपठाउने बताएको छ । बैंकले बजारमा पुनः पठाउन मिल्ने नमिल्ने नोटको वर्गीकरण गरी अक्षर, अंक, चित्र तथा सुरक्षण विशेषताहरू नबुझिने वा बिग्रने गरी लेखिएकोरमेटिएकोरच्यातिएको वा पूर्वराजाको तस्वीर अंकित नोटलाई चलनचल्तीमा नपठाउने भएको हो । राष्ट्र बैंकले सफा नोट नीति २०७३ लाई संशोधन गर्दै सर्वसाधारणमा सफा नोटको प्रयोगलाई प्रोत्साहित गर्न यो व्यवस्था लागू गरेको गरिएको हो ।

# सुनको मूल्य ७ सयले वृद्धि

**काठमाडौं/मस**-कोरोना महामारीका कारण अन्तर्राष्ट्रिय बजारमा अस्थिर रहेको सुनको मूल्य स्थानीय बजारमा आईतबार अप्रत्याशित रूपमा बढेको छ ।

आईतबार बजार खुल्नेबित्तिकै छापावाल सुनको मूल्य प्रतितोला रु ९१ हजार ३०० कायम भएको छ भने सोही परिमाणको तेजाबी सुनको मूल्य रु ९० हजार ८६० निर्धारण गरिएको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार अघिल्लो साताको तुलनामा चाँदीको मूल्यमा रु पाँचले वृद्धि भएको छ। एक तोला चाँदीको मूल्य रु ९४५ तोकिएको छ। कोभिड-१९ को सङ्क्रमण रोक्न बन्दाबन्दी लागू गरिएयता जेठ २५ गते एक तोला सुनको मूल्य १० हजार ४०० ले बढेर रु ८७ हजार पुगेको थियो ।

# सिद्धार्थ इन्स्योरेन्सको १८ औं वार्षिक साधारणसभा सम्पन्न

**काठमाडौं/मस**-सिद्धार्थ इन्स्योरेन्सको संचालकमा मुमित केडिया नियुक्त भएका छन् । कम्पनीको १८ औं बार्षिक साधारणसभाले शनिबार उनलार्य सर्वसाधारण सेयरधनीको तर्फबाट संचालकमा नियुक्त गरेको हो । शनिबार काठमाडौंमा आह्वान गरिएको साधारणसभा गत चैत्र २८ गतेका लागि आह्वान गरिएकोमा कोरोनाको कारण स्थगित भई हिजो पुनः आह्वान गरिएको थियो । साधारणसभाले आगामी चार वर्षको लागि सिताराम दुधका मालिक केडियालाई संचालकमा नियुक्त गरेको हो । केडिया अर्गनाईजेशनको सेयर रहेको सिद्धार्थमा सर्वसाधारण शेयरधनीको तर्फबाट समेत केडिया नै सञ्चालकमा चयन भएका हुन् । एक मिटरको सामाजिक दुरी कायम गर्दै सम्पन्न भएको साधारणसभाले वित्तीय विवरण, लेखा परिक्षण प्रतिवेदन स्वीकृत गरेको जनाएको छ । कम्पनीले यस पटक लाभांश नदिने निर्णय समेत साधारणसभाबाट अनुमोदन भएको छ ।

# राष्ट्रिय वाणिज्य बैंकले विभिन्न होल्डिङ सेन्टरमा खानेपानी वितरण गर्ने



**काठमाडौं/मस**-राष्ट्रिय वाणिज्य बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कोरोना महामारीको अवस्थामा सरकारले संचालन गरिरेहको विभिन्न होल्डिङ्ग सेन्टरहरुमा खानेपानी वितरण गरेको छ । कोरोना महामारीको अवस्थामा देश बाहिर रका विभिन्न नागरिकहरुलाई उद्दार गर्ने क्रममा सरकारले त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलमा अवतरण गरिसके पछि विभिन्न होल्डिङ्ग सेन्टरहरुमा राखी घर पठाउने गरेको र उक्त होल्डिङ्ग सेन्टरहरुहरुको व्यवस्थापन नेपाली सेना तथा खानेपानी, खाध्य सामग्री लगायतको व्यवस्था नेपाल रेडक्रसको अगुवाइमा भैरहेकोमा बैंकको बागमती प्रदेश कार्यालय मार्फत तीन वटा होल्डिङ्ग सेन्टर हरुमा सात दिनको लागि खानेपानी व्यवस्था गर्ने जिम्मा लिएको छ । सो अवसरम बैंकको प्रदेश कार्यालयकी प्रादेशिक प्रबन्धक सोनी श्रेष्ठले नेपाल रेडक्रस सोसाईटीका पदाधिकारीहरुको उपस्थितिमा काठमाडौं उपत्यकाको बसुन्धरा तथा धुम्बाराहीमा रहेका ३ वटा होल्डिङ्ग सेन्टरमा नेपाली सेनाका अधिकृतहरुलाई खानेपानी व्यवस्थापन गर्ने जिम्मा लिएको जानकारी गराउदै आबश्यक पर्ने खानेपानी हस्तान्तरण गरे । हाल बैंकको सातै प्रदेश, ७७ वटै जिल्लामा २४० वटा शाखा कार्यालय, २०५ वटा एटिएम र ९३ वटा शाखा रहित बैंकिङ्ग रहेको छ ।

# शिखर इन्स्योरेन्सको रोकिएको हकप्रद आइतबारदेखि विक्रीमा

SHIKHAR INSURANCE
Happysurance

**काठमाडौं/मस**-शिखर इन्स्योरेन्सको रोकिएको ३० प्रतिशत हकप्रद शेयर असार १४ गते ( आइतबार) देखि विक्रीमा आएको छ। शिखर इन्स्योरेन्सले यस अघि चैत १३ गतेदेखि ३१ लाख ७१ हजार ९३२ कित्ता हकप्रद विक्री गर्ने तयारी गरेको थियो। उक्त समयमा कोरोना संक्रमका कारण देशमा जारी भएको लकडाउनका कारण कम्पनीले विक्री रोकेको थियो। शिखरले उक्त हकप्रद विक्री गर्न नियामक निकाय नेपाल धितोपत्र बोर्डबाट माघ ४ गते स्वीकृति पाएको हो। शिखरले हाल कायम चुक्तापूँजी १ अर्ब ५ करोड ७३ लाख १० हजार रुपैयाँको आधारमा ३० प्रतिशत हकप्रद शेयर विक्री गर्न लागेको हो। साउन ४ गतेसम्म विक्रीमा रहने यस हकप्रद खरिदका लागि मेरो शेयर मार्फत घरमै वसेर वा सि(आस्वा सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिन सकिनेछ। यो हकप्रद विक्री प्रबन्धकमा एनआईबिएल एस क्यापिटल रहेको छ।

विज्ञापन रकम भुक्तानीबारे
अत्यन्त जरूरी सूचना
यस मध्यान्ह मिडिया प्रा.लि.मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही मिति २०७७ असार २५ गते भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस मध्यान्ह मिडिया प्रा.लि. को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।
लेखा शाखा
मध्यान्ह मिडिया प्रा.लि.
बागबजार, काठमाडौं
फोन नं. : ४२२६३६६, ४२२८२९८

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**